# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



मनाङ डिस्याङ गाउँपालिका, मनाङ्गको आयोजनामा पोषण पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको छ।



मुडिकुवा स्वास्थ्य चौकी, पर्बतमा ओ.पी.डी. मा ५ बर्षमुनिका बालबालिकाको मध्य पाखुराको नाप द्वारा पोषण स्थिति जांच सेवा नियमित संचालन भएको छ।



सुन्दर बजार नगरपालिका १ कुन्छा स्वास्थ्य चौकी, लमजुङ्गमा "स्थानिय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पुर्णखोप सुनिश्चितता - हाम्रो प्रतिबद्धता " भन्ने मूल नाराको साथ पुर्णखोप वडा सुनिश्चितता कार्यक्रम व्यवस्थापन समिति तथा वडा पुर्णखोप समितिका अध्यक्ष र सदस्यहरू, जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मी, कर्मचारीहरू, युवा क्लवको अधक्ष्य तथा सदस्यहरू, महिला स्वास्थ्य स्वयम सेविका लगायत सम्पूर्ण शान्ति माध्यमिक विद्यालय कुन्छा बाट विद्यार्थी तथा शिक्षिका आमा समूहका अध्यक्ष तथा सदस्यहरू र आमाबुवाहरुको उपस्थितमा घोषणा गरि वडा पुर्णखोप सुनिश्चितता हरेक वर्ष कायम गर्नेछौ भन्ने प्रतिबद्धता लिई कार्यक्रम सम्पन्न भएको छ। साथै यस कुन्छा स्वास्थ्य चौकी आउनु भएको नव नियुक्त कर्मचारी रक्षा खाती तथा USA बाट immuniztion and nutrition मा अनुसन्धान गर्न आउनु भएको Researcher Katelyn Peters लाई पनि स्वागत गरि कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




सुन्दर बजार नगरपालिका वार्ड नम्बर ५ तार्कुकोट स्वास्थ्य चौकीमा वडास्तरीय पुर्णखोप सुनिश्चितता दीगोपना घोषणा कार्यक्रम सम्पन्न भएको छ।




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा स्वास्थकर्मीहरलाई Package of Essential Non communicable diseases (PEN) तालिम स्वास्थ्य कार्यालय पर्वतका नि.कार्यलय प्रमुख रघुनाथ रेग्मीको अध्यक्षता तथा कार्यक्रम संयोजक प्रकाश गौतमको सन्चालनमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण मादी गाउँपालिका कास्कीका मेडिकल अधिकृत डाक्टर विनोद बराल र पर्वत अस्पतालका डाक्टर दिपक रेग्मीले गर्नु भएको थियो। तालिममा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट २४ जना स्वास्थ्यकर्मीको सहभागीता रहेको थियो।



आधारभूत स्वास्थय सेवाकेन्द्र दर्लिङ्ग, बाग्लुङ्गमा बैशाख महिनाको नियमित खोप कार्यक्रम सँगै सरसफाई सेसन सम्पन्न भएको छ।


# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




धौलागिरी आयुर्वेद औषधालय, बागलुङ र बरेङ गाउपालिका बाग्लुङको आयोजना एवम नागरिक आरोग्य सेवा केन्द्र बरेङ नागरिक आरोग्य समिती बरेङको सकृयतामा बरेङमा नागरिक आरोग्य आभियन सन्चालन भएको छ। जस अन्तर्गत बरेङको हुग्दिसिर बजारमा योग शिबिर संचालन भएको र त्यस पछाडी नागरिक आरोग्यसेवा केन्द्रको सक्रियतामा निरन्तर दैनिक योग अभ्यास सन्चालन भएको छ। यसका साथै बाटाकाचौर स्वास्थ्य चौकीमा जीवनशैली परिवर्तन सम्बन्धी अभिमुखिकरण सहित नागरिक को नसर्ने रोगको खोज, ब्लड प्रेसर र रगतमा ग्लुकोजको मात्रा परिक्षण सहित योग अभ्यास र महत्व सम्बन्धी कार्यपत्र प्रस्तुत भएको थियो ।यसै क्रममा बरेङ गाउपालिकामा कार्यरत कर्मचारीहरुलाई संगठनात्मक योग अभ्यास सन्चालन भएको छभने नागरिक आरोग्य सेवा केन्द्र बरेङको स्थलगत अनुशिक्षण सहित अनुगमन पनि सम्पन्न भएको छ। कार्यक्रममा धौलागिरी आयुर्वेद औषधालयको तर्फबाट डाक्टर शरद पन्थी, डाक्टर कमल बिक्रम पौडेल, एकराज ढुंगाना लगायतको सहजिकरण रहेको थियो ।






मुडिकुवा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा नियमित खोप कार्यक्रममा सरसफाई प्रबर्द्धन कार्यक्रम सन्चालन भएको छ।



तिलाहार स्वास्थ्य चौकी, पर्बतको आयोजनामा उत्तर प्रशुती भेटघाट कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



मुडिकुवा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा उत्तर प्रशुती भेटघाट कार्यक्रम संचालन भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा स्वास्थ्य आमा समूहको नियमित बैठक संचालन भएको छ।



पुतलीबजार नगरपालिका स्वास्थ्य शाखा, स्याङ्गजाको आयोजनामा ठूलाडिही स्वास्थ्य चौकी, स्याङ्जामा किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाका लागि स्वास्थ्य संस्था स्तरीय (Whole Site) अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका श्रीमान् सचिव डा. रोशन पोखेल, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका श्रीमान् महानिर्देशक खिम ब. खड्का, डा. गुण निधि शर्मा र WHO नेपालका डा. दिपेन्द्र गौतम लगायतका टिमले यस संक्रामक तथा सरुवा रोग अस्पतालको अनुगमन तथा निरीक्षण गर्नुभएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा काठेखोला गाउपालिकाका जन प्रतिनिधिहरुलाई एच आई भि सम्बन्धी लान्छाना तथा अबहेलना सम्बन्धी अभिमुखिकरण सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता सामाजिक विकास समितिका संयोजक खडक थापा तथा प्रमुख अतिथि गाउपालिका अध्यक्ष राजु थापाको अध्यक्षता भएको कार्यक्रममा सहजिकरण स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले गर्नु भएको थियो। सो अवसरमा पालिका भित्र संक्रमितहरुको स्वास्थ्य विमा, उपचार सहयोग गर्ने प्रतिबध्द रहेको साथै समाजमा कुनै पनि कारण कसैले लान्छाना र अबहेलना गर्नु नहुने यदि गरेमा कानुनि सजायको भागिदार हुनेछन भन्ने बारेमा अभिमुखिकरण गरियो सो अवसरमा सम्पुर्ण स्वास्थ्य संस्था प्रमुख र अन्य स्वास्थ्यकर्मिहरु पालिकाका शाखाका सम्पुर्ण कर्मचारिहरु उपस्थिति रहेको कार्यक्रममा स्वास्थ्यकर्मि सागर शर्मा वडाध्यक्षहरुको तर्फबाट परमानन्द कँडेल र प्रमुख प्रसाशकिय अधिकृत खगराज शर्माले समेत मन्तवय राख्नु भएको कार्यक्रममा कार्यक्रमको सन्चालन स्वास्थ्य संयोजक सोमराज पाण्डेयले गर्नु भएको थियो।



स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा स्वास्थ्यकर्मीहरुको लागि ४ दिने e-LMIS प्रशिक्षण कार्यक्रम संचालन भएको छ। कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको प्रमुख आतिथ्यता, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक, स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक, स्वास्थ्य निर्देशनाल तथा प्रदेश स्वास्थ्य आपुर्ती केन्द्रको सहभागी रहेको थियो। कार्यक्रमको अध्यक्ष व्यवस्थापन महाशाखाका चन्द्र सुनारको अध्यक्षतामा बाग्लुङ जिल्लाका ५२ जना स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको छ। कार्यक्रम Save The Children को आर्थिक सहयोगमा संचालन भएको हो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



मादी गाउँपालिका, कास्कीको आयोजनामा वडा नं ०२ मा पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन भएको छ।



बागलुङ नगरपालिका, बाग्लुङ्गको आयोजनामा १४ नम्बर वडा नारायणस्थानमा महिलाहरूमा हुने स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने समस्याका विषयमा स्वास्थ्य आमा समूहहरू सँग अन्तरक्रिया तथा स्वास्थ्य शिक्षा कार्यक्रम गार्लुङमा संचालन भएको छ। साथै उक्त कार्यक्रममा २७ जनाको खकार परीक्षण समेत भएको छ।







पोखरा महानगरपालिका, कास्कीको आयोजनामा वार्ड ४ लाई पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन भएको छ।



फलेवास नगरपालिका, पर्वतको आयोजनामा फलेबास नगर अस्पताल, पर्बतमा हात्तीपाइले रोग निवारण अन्तरगत महिला स्वास्थ्य स्वयम् सेविकाको लागी MMDP - Morbidity management & Disability prevention सम्बन्धि १ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




के हजुरको बच्चालाई बाल भिटा खुवाउनु भयो ?
फोटो @ कुर्घा स्वास्थ्य चौकी, पर्बत



कोटदरवार स्वास्थ चौकी, तनहुँ अन्तरगतका सामुदायिक महिला स्वास्थ स्वयंसेविकाहरुलाई २ दिनको एस.यम.एस मार्फत "गर्भवति दर्ता तथा अनुगमन कार्यक्रम " को तालिम सम्पन्न भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



रिश्मी आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाग्लुङ्गको आयोजनामा गाउँ घर क्लिनिक संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा कार्यरत (अध्ययन करारमा) कम्युनिटी नर्सिङ अधिकृत दृष्टि पौडेलले प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशबाट सोही पदमा स्थायी नियुक्तिका लागि सिफारिस भएकोमा बधाई तथा शुभकामना व्यक्त गर्दछौं।




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा "Decentralization budget allocation and procurement mechanism for HIV/AIDS Program and commodities" सम्बन्धी प्रादेशिक बैठक सञ्चालन भएको छ। संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डाक्टर रोशन पोखरेलको प्रमुख उपस्थिति, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको विशिष्ट उपस्थिति तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काको अध्यक्षतामा सञ्चालन भएको हो। कार्यक्रममा गण्डकी अस्पतालका निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक, स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक, संक्रामक तथा सरुवारोग अस्पतालका कार्यकारी निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, पोखरा महानगरपालिका, स्वास्थ्य कार्यालय कास्की, मन्त्रालय, निर्देशनालयका महाशाखा प्रमुख तथा प्रतिनिधिहरु लगायत सरोकारवाला संस्थाहरुको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा यस निर्देशनालयमा कार्यरत जनस्वास्थ्य अधिकृत रविना ठगुन्ना वैवाहिक जीवनमा प्रवेश गर्नुभएकोमा स्वास्थ्य निर्देशनालय परिवारको तर्फबाट एक कार्यक्रमको आयोजना गरी बधाई तथा शुभकामना प्रदान गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा कार्यरत प्रशासकीय अधिकृत (सातौं तह) मा बढुवा हुनुभएका राममणि ढुङ्गानाको विदाई तथा फेरि भेटौला कार्यक्रम सञ्चालन भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियो। राममणि ढुङ्गानाको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेशमा पदस्थापन भएको छ।



चापाकोट नगरपालिका र स्वास्थ्य कार्यालय, स्याङ्जाको संयुक्त आयोजनामा छाती रोग सम्बन्धी निशुल्क शिबिर चापकोट अस्पतालमा ४१४ जनालाइ सेवा प्रदान गर्दै सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा काठेखोला गाउँपालिकाको समन्वयमा "खोज र खोप" भन्ने मुल नाराको साथ बैशाख महिना खोप महिना सम्बन्धी अभिमुखिकरण गोष्ठी काठेखोला गाउँपालिकामा सम्पन्न भएको छ। घरधूरी सर्वेक्षणलाई प्रभावकारी बनाई खोप छुट बच्चाहरुको खोजी गरी खोप लगाउने र वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चितताको दिगोपना घोषणा गरी बैशाख महिनालाई खोप महिनाको रुपमा मनाउने उद्देश्य अनुरुप उक्त अभिमुखिकरण गोष्ठी संचालन भएको थियो। काठेखोला गाउँपालिका, सामाजिक विकास समितिका संयोजक खडक थापाको अध्यक्षता, गाउँपालिका अध्यक्ष राजु थापाको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा वार्ड अध्यक्षहरु, स्वास्थ्य संस्था प्रमुख, खोप फोकल पर्सन एवं पालिका स्वास्थ्य शाखाका स्वास्थ्यकर्मी एवं सरोकारवालाहरुको विशेष उपस्थिति रहेको थियो। काठेखोला गाउँपालिकाको स्वास्थ्य संयोजक सोमराज पाण्डेले संचालन गर्नुभएको उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्री र क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा सुन्दरबजार नगरपालिका वडा नं १० को वडा कार्यालयमा त्यस वडाका जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, गृहिणी लगायत विभिन्न आमासमुहबाट पाल्नुभएका प्रतिनिधिज्युहरुको सहभागितामा "स्वस्थकर जीवनशैली प्रवर्द्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम" सम्पन्न भएको छ। उक्त कार्यक्रम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङका प्रमुख डाक्टर उत्सव पौडेलको अध्यक्षता तथा सुन्दरबजार नगरपालिका वडा नं १० का वडा अध्यक्ष दिपक राज ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। ७० जना सहभागिता रहेको सो कार्यक्रममा डाक्टर उत्सव पौडेल र प्रेम प्रसाद पौडेलले आहार विधि विधान, भान्सा वरिपरी पाइने जडिबुटीको बिषयमा सैद्धान्तिक साथै अंकुरित भोजन, तक्र (मोही), बिल्व पानक(बेलको सर्वत), वरुण (सिप्लिकान) को परिकारको निर्माण विधि, उपयोग एवं लाभको बारे प्रयोगात्मक विषयमा आधारित रही अभिमुखीकरण गर्नु भएको थियो।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



महाशिला गाउँपालिका, पर्बतको वडा नम्बर ३ बालाकोट लाई पुर्ण खोप सुनिस्चितता तथा घोषणा गरिएको छ।



फलेवास नगरपालिका, पर्वतको भंगरा स्वास्थ्य चौकीमा बिशेष समारोहका साथ पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम फलेवास नगरपालिका, पर्वत वार्ड नं ९ का का.वा.वडाध्यक्ष तथा वडा खोप समन्वय समितिका अध्यक्ष दुर्गाराज सुवेदीका साथै वडा खोप समन्वय समितिका सम्पुर्ण पदाधिकारीहरू, ब्यबस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरू, वडाका जनप्रतिनिधिहरू, म.स्वा.स्व.से., स्वास्थ्य चौकीका कर्मचारीहरु सहित अन्य विभिन्न ब्यक्तिहरुको सहभागितामा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार





महाशिला गाउँपालिका, पर्बतको आयोजनामा वार्ड नं १ होश्राङ्दि र वार्ड नं २ भोक्सिङमा पुर्ण खोप सुनिस्चितता तथा घोषणा कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा ढोरपाटन नगरपालिकाको समन्वयमा पोषण सम्बद्ध सरोकारवालाहरुसंग पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। ढोरपाटन नगरपालिकाका विषयगत शाखा (स्वास्थ्य, कृषि,पशु, महिला बालबालिका, खानेपानी तथा सर सफाई, शिक्षा) , कृषक, विषादि व्यापारी, होटल, मासु व्यवसायि, शिक्षक, विद्यार्थी, जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायत ३६ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद ज्ञवालीको अध्यक्षतामा नगर शिक्षा अधिकारी सन्दिप पौडेल, सामाजिक विकास संयोजक तथा वडा अध्यक्षहरु लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक केशव थापाले गर्नुभएको थियोभने स्वास्थ्य कार्यालय, बागलुङकी ज.स्वा.नि. लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरण भएको थियो।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चामे, मानाङको आयोजनामा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम प्रकाश ज्योति मा.वि. विद्यालय नासों गाउँ पालिका -५ थोचेमा संचालन भएको छ।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको समन्वय तथा स्वास्थ्य सेवा विभाग, इपिडिमिओलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजनामा स्वास्थ्य आपतकालिन पुर्वतयारी तथा विपद व्यवस्थापन सुदृढिकरण योजना र प्रथमिकताका लागी प्रदेश स्तरमा प्रमाणमा आधारित जनस्वास्थ्य जोखिमहरुको मूल्याङकनलाई सहजिकरण गर्न विश्व स्वास्थ्य संगठनको Strategic Tool kit for Assessing Risk (STAR) प्रयोग गरी प्रदेश स्तरमा स्वास्थ्य आपतकालिन अवस्थाको प्रारम्भिक पहिचान, तयारी, रोकथाम र न्यूनिकरण योजना तर्जुमाकालागी Multi- hazard Emergency Risk Assessment सम्बन्धी ३ दिने कार्यशाला गोष्ठी पोखरामा सम्पन्न भएको छ।




सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश प्रहरीले प्रदेशका सबै जिल्लाहरुमा ट्राफिक सप्ताह कार्यक्रम संचालन भएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यबस्थापन कार्यालय गगनगौंडा कास्की र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको संयुक्त आयोजनामा विविध कार्यक्रमहरु सहित सञ्चालन भएको उक्त सप्ताहिक जनचेतनामुलक कार्यक्रमको गण्डकी प्रदेशका माननिय मुख्यमन्त्री खगराज अधिकारीको समुद्घाटन गर्नुभएको थियो। साथै गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक दुर्गा सिंहको अध्यक्षता रहेको उक्त कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको बिशेष आतिथ्यता रहेको थियो । तीव्र गति जीवन क्षति, तपाईं हाम्रो जिम्मेवारी सुरक्षित सवारी आदि लेखिएका प्ले-कार्डहरु प्रदर्शन गरीएको उक्त प्रभातफेरी कार्यक्रममा विद्यार्थी, शिक्षक, सुरक्षाकर्मी, विभिन्न क्लब, आम समूह, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो। ट्राफिक प्रहरीको सप्ताहव्यापी कार्यक्रममा चालकहरुको स्वास्थ्य परीक्षण कार्यक्रम, सवारी साधनको यान्त्रिक परीक्षण, रक्तदान कार्यक्रम, विद्यालयका सवारी अनुगमन र सञ्चारकर्मीहरु संग ट्राफिक व्यवस्थापनका विषयमा अन्तरक्रिया गर्ने र दिप प्रज्वलन गरी कार्यक्रम समापन गरिने तालिका रहेको छ। कार्यक्रम जे जसरी भएपनि सडक र सवारी प्रयोगकर्ता सजग नहुने हो भने सडक दुर्घटना रोक्न सकिदैन, त्यसैले हामी सबै जिम्मेवार भई सडक तथा सवारी नियमलाई हेलचक्र्याई नगरी पालना गरेमा मात्र दुर्घटनाबाट बच्न र बचाउन सकिन्छ भन्ने बारेमा प्रस्तुतिकरण गरिएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# सा‍प्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार





रिश्मी आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाग्लुङ्गको आयोजनामा गाउँघर क्लिनिक गल्याङमा संचालन भएको छ।



बारपाक सुलिकोट गाउँपालिका, गोरखाको आयोजनामा स्तरीय पोषण मैत्री गाउँपालिका कार्यक्रम अन्तर्गत स्वास्थ्य आमा समूहको बैठक साविक वडा न ८ मा सुनौलो हजार दिनका गर्भवती तथा सुत्केरी आमाहरूलाई सरसफाइ तथा पोषण सम्बन्धित व्यवहार परिवर्तन हरेक बार खाना चार, स्तनपानको महत्व, बच्चालाइ पुरक तथा थप आहार बारे जानकारी गराउदै सम्पन्न भएको छ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशमा माननीय मन्त्री सिता कुमारी सुन्दासको स्वागत, पदबहाली तथा परिचय कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



सिसाखानि स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा २ दिने क्षयरोगमुक्त अभियान अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



पोखरा महानगरपालिका, कास्कीको आयोजनामा वार्ड २२ लाई पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



शुक्लागण्डकी नगरपालिका, तनहुँको आयोजनामा वार्ड ८ लाई पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन भएको छ।





गण्डकी आयुर्बेद औषधालय, कास्कीको आयोजनामा माछापुच्छ्रे गाउँपालिका -९ सिदिङको सरस्वती आधारभूत विद्यालयमा स्थानीय तहको सहकार्यमा सरोकारवालाहरुलाई स्थानीय जडीबुटी पहिचान, संरक्षण, प्रयोगका लागि अभिमुखिकरण कार्यक्रम वडाध्यक्ष हरि बहादुर क्षेत्रीको प्रमुख आतिथ्यता, प्रधानाध्यापक, बिद्यालयका शिक्षक शिक्षिका लगायतको उपस्थितिमा सम्पन्न भयो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




पैयूँ गाउँपालिका, पर्बतको आयोजना तथा स्वास्थ्य कार्यालय, पर्वतको समन्वयमा पालिका खोप समन्वय समिति अध्यक्ष तथा पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीको अध्यक्षतामा गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत, वडा खोप समन्वय समितिका अध्यक्ष तथा वडा अध्यक्षहरू, सा.म.स्वा.से.हरूको उपस्थितिमा पालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा सामुदायीक महिला स्वास्थ्य स्वयं सेबिकाको मासिक बैठक सम्पन्न भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



पिपलटारि प्रा.बि. पर्बतका ९ जना विद्यार्थीको दात स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन भएको छ।



कुश्मा नगरपालिका, पर्बतको आयोजनामा वार्ड ८ लाई पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




मर्स्याङ्दी गाउँपालिका, लमजुङ्गको आयोजनामा वार्ड नं ३ लाई पूर्ण खोप सुरक्षित भविष्यका लागि पूर्ण खोप वडा सुनिश्चितता दिगोपना कायम प्रतिवद्धता घोषणा कार्यक्रम संचालन भएको छ।



घरपझोङ गाउँपालिका, मुस्ताङ्गको आयोजनामा घरपझोङ गाउँपालिका भित्रका सबै गाउँ बस्ती तथा विद्यालयहरुमा उपाध्यक्षसंग महिला, बालबालिका, अपाङ्गता भएको व्यक्ति तथा ज्येष्ठ नागरिकको लागि बृहत स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत निःशुल्क सामान्य स्वास्थ्य जाँच, आँखा परिक्षण र दन्त परिक्षण तथा सुगर टेष्ट आदि कार्यक्रम संचालन भएको छ। कार्यक्रमको प्राविधिक सहयोग स्वास्थ्य कार्यालय, मुस्ताङ, मुस्ताङ अस्पताल, जोमसोमका चिकित्सकहरु, जिल्ला सामुदायिक आँखा केन्द्र, जोमसोमका प्राविधिकहरु, मुस्ताङ सामुदायिक दन्त उपचार केन्द्र, जोमसोम चिकित्सक एवं प्राविधिकहरु, घरपझोङ गाउँपालिकाका स्वास्थ्य संस्थाका सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले गर्नुभएको थियो।




बेनी नगरपालिका, म्याग्दीका मेयर सुरज केशिले बेनि अस्पतालमा शल्यक्रिया गर्नुपर्ने बिरामीको लागि रक्तदान (७८औ पटकको) गर्नुभएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




देवचुली नगरपालिका, नवलपरासी पुर्ब स्वास्थ्य शाखाको आयोजनामा स्तन तथा पाठेघरको स्क्रीनिङ्ग (VIA)तथा स्त्रीरोग सम्बन्धि निशुल्क स्वास्थ्य शिविर आ.स्वा.से.केन्द्र, देचुली -१३ मा सप्पन्न भएको छ। जसमा १५५ जनाको स्वास्थ्य परिक्षण गरिएको थियो।



विहादी गाँउपालिका, पर्बत वडा नं ५ उराम पोखरा स्वास्थ्य चौकीमा सि.अ.न.मी. पदमा कार्यरत गोफा कुमारी भुसालले २६ वर्ष स्वास्थ्य सेवामा आबद्ध रही अतुलनीय र प्रशंसनीय योगदान पुऱ्याई स्वेच्छिक अवकास प्राप्त गर्नु भएकोमा वहाँले पुऱ्याउनुभएको योगदानको उच्च सम्मान व्यक्त गर्दै स-सम्मान बिदाइ गरिएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँले नियमित रुपमा घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) कार्यक्रम संचालन गरिरहेको छ। उत्तरप्रसुति घरभेटमा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई सु-सूचित गरिएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, गगनगौंडा कास्की, जिल्ला प्रहरी कार्यालय पर्वत र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्वतको संयुक्त आयोजना र गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराको सहकार्य तथा समन्वयमा पर्वत जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको अध्यक्षतामा, कुश्मा नगरपालिकाका नगर प्रमुख रामचन्द्र जोशीको प्रमुख आतिथ्यता, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग बाणिज्य संघ, नेपाल पत्रकार महासंघ, कुश्मा नगरपालिकाका वडा अध्यक्षहरु, अन्य जनप्रतिनिधीहरुको आतिथ्यमा र विभिन्न बिद्यालयका शिक्षक, बिद्यार्थीहरु,नेपाल स्काउट, रेडक्रस, लायन्स, लियो क्लवका पदाधिकारीहरु, युवा क्लव, आमा समुह, पञ्चेबाजा समुह, विभिन्न संघ संगठनका प्रमुख तथा प्रतिनिधी, होटल व्यवसायी संघ, सुनचाँदी व्यवसायी संघका प्रमुख एंव प्रतिनिधीहरु लगायत सर्वसाधरणहरुको उपस्थितिमा कुश्मा नगरपालिका वडा नं. ०५ लोकतान्त्रीक चोकबाट विभिन्न ब्यानर, प्ले कार्ड सहित प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ।



ठुलिपोखरि प्राथमिक स्वास्थ्य केन्द्र, पर्वतको आयोजनामा पुर्ण खोप घोषणा र दिगोपना कार्यक्रमको गोष्ठी तथा छलफल सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता ब्यबस्थापन समिती अध्यक्ष झलक प्रशाद रिमालले गर्नु भयेको थियो। कुस्मा नगरपालिका वार्ड न १२ मा कुनै पनि बालबालिका खोप लगाउन नछुटेको र यसको दिगोपनाको लागि सबै सरोकारवाला प्रतिबद्ध रहिरहन अनुरोध पनि गरिएको छ।



बडिगाड ५ ग्वालीचौर स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा क्षयरोगमुक्त अभियान अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुङ्गले नियमित रुपमा घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) कार्यक्रम संचालन गरिरहेको छ। उत्तरप्रसुति घरभेटमा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई सु-सूचित गरिएको छ।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



विश्व रेडक्रस स्थापना दिवशको अबसरमा जिल्ला कार्यसमिती पर्बतको आयोजनामा रेडक्रस अभियान संम्बन्धि प्रबचन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



आरुपाटा सामुदायिक स्वास्थ्य ईकाइ, बाग्लुङ्गको आयोजनमा नियमित खोप तथा सरसफाइ प्रबधन कार्यक्रम र सुनौलो हजार दिने आमाहरुलाई बिभिन्न सर्ने र नसर्नेरोग सम्बन्धि विभिन्न स्वास्थ्य सेवा प्रदान कार्यक्रम सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीको आयोजनामा सडक अनुशासन कायम गरी सवारी दुर्घटना न्युनिकरण गर्ने उदेश्यले संचालित ट्राफिक सप्ताह २०८१ को अबसरमाकास्की जिल्लाका बिभिन्न मुख्य मुख्य ११ वटा चोकहरुमा स्वयं सेवक परिचालन गरी सडक प्रयोग कर्ताहरुलाई जेब्राक्रस भएको स्थान तथा नभएको स्थानहरुमा बाटो काट्न सिकाईएको, गल्ति गर्ने चालकहरुलाई सम्झाई बुझाई गरिएको, बिभिन्न स्थानहरुमा सचेतना मुलक जिङ्गलहरु बजाईएको, मास्क बितरण गरिएको साथै सचेतना मुलक पर्चा पम्लेट एवं स्टिकर टाँस गरी सप्ताह मनाउने कार्यक्रम संचालन भएको छ।



टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ्गको आयोजनामा सामुदायीक महिला स्वास्थ्य स्वयं सेबिकाको मासिक बैठक सम्पन्न भएको छ।




मनाङ ङिस्याङ गाउँपालिका, मनाङ्गको स्वास्थ्य शाखाको आयोजनामा पालिका अन्तर्गत पिसाङ आधारभूत विद्यालय, पिसाङमा अपाङ्ग भएका बालबालिकाको लागि प्याम्पस/डाईपर वितरण गरिएको छ।



जिल्ला अस्पताल, स्याङ्जामा बालरोग विशेषज्ञ सेवा पुनः शुरु भएको छ।

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार



जलजला गाउँपालिका, पर्बत स्वास्थ्य शाखाको आयोजना तथा मल्लाज स्वास्थ्य चौकीको समन्वयमा मल्लाज स्वास्थ्य चौकी ब्यबस्थापन समितीका अध्यक्ष एकिन्द्र खत्रीको अध्यक्षतामा वडा नम्बर १,२,३,४ मा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयसेविका, धामीझाँक्री, शिक्षक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको उपस्थितिमा क्षयरोग खोजपडताल तथा घरदैलो कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा स्वास्थ्य सेवा प्रदायकहरुका लागि PMTCT तालिम स्वास्थ्य कार्यालय लमजुङमा संचालन भएको छ।



गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय सीता कुमारी सुन्दासको पदबहाली, स्वागत तथा मन्त्रालय र मातहतका प्रदेशस्तरका निकायहरूको कार्यसम्पादनको अवस्थाका बारेमा सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर विनोद विन्दु शर्मा लगायत स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक, महाशाखा प्रमुख सहितको उपस्थितिमा भएको बैठक तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




"स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिवद्धता" भन्ने नाराका साथ महाशिला गाउँपालिका पर्वतलाई पुर्ण खोप सुनिस्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ। गाउँ पालिका अध्यक्ष तथा पालिका खोप समन्वय समितिका अध्यक्ष इस्वरि प्रसाद भुसालको अध्यक्षता, जिल्ला समन्वय समितिका प्रमुख बिष्णु राम बि.क.को प्रमुख आतिथ्यता तथा पालिका उपाध्यक्ष धनसुबा बि.क. र स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख प्रविण शर्माको बिशिस्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको छ।



राम्जा तिलाहार स्वास्थ्य चौकी, पर्वतको आयोजनामा दराक गाउँ र रातामाटा गाउँमा गाउँघर क्लिनिक संचालन भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्मा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का र HMIS शाखा, स्वास्थ्य सेवा विभाग, काठमाडौंका प्रतिनिधिहरु बीच Data Security लगायत तथ्यांकका विविध विषयमा पोखरामा छलफल भएको छ।




२०८१ वैशाख ३१ गते : खोप लगाउन छुटेका ५ वर्ष मुनिका सबै बालबालिकाका लागि वृहत खोज, र खोप अभियान संचालन हुँदै छ। देशभरका सबै सरकारी स्वास्थ्य संस्थाबाट राष्ट्रिय खोप तालिका अनुसार १५ महिना भित्रमा लगाउनु पर्ने नियमित खोप छुटेका ५ वर्ष मुनिका सबै बालबालिकालाई नियमित खोप दिईदैछ। नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस।

# सासाहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश र व्यवस्थापन महाशाखा, काठमाडौंको आयोजना तथा Save The Children को सहयोगमा स्वास्थ्यकर्मीहरुका लागि ELMIS प्रशिक्षण कार्यक्रम (पहिलो ब्याच - बागलुङ) समापन भएको छ। समापन कार्यक्रममा प्रमुख अतिथिको रूपमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सिता कुमारी सुन्दास, विशिष्ट अतिथि स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का उपस्थित हुनुभएको थियो। कार्यक्रम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर बिनोद विन्दु शर्माको अध्यक्षतामा सञ्चालन भएको छ।



सडक अनुशासन कायम गरी सवारी दुर्घटना न्युनिकरण गर्ने उदेश्यले संचालित ट्राफिक सप्ताह २०८१ अन्तर्गत कास्की जिल्ला अन्तर्गतका ग्रामिण सडक लक्षित कार्यक्रम अन्तर्गत बिभिन्न मुख्य मुख्य १३ स्थानमा पर्चा पम्लेट बितरण गरी स्वयं सेवक, सवार यात्रु, चालकबाट उक्त पर्चामा उल्लेखित बुदाँहरु बाचन गर्न लगाईएको, सवारी साधनहरुमा सचेतना मुलक स्टिकर टाँस गरिएको, छतमा हुटमा सवार यात्रुहरुलाई प्रशिक्षण प्रदान गरिएको, मास्क बितरण गरिएको, सिट क्षमता, भाडादर अनुगमन, आरक्षण सिट कार्यान्वयनको अनुगमन गरिएको छ।




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा म्याग्दी र बाग्लुङ्ग जिल्ला अन्तर्गतका स्वास्थ्य संस्थाहरुको एकिकृत अनुगमन र onsite coaching संचालन भएको छ। जिल्ला भित्र संचालित विभिन्न स्वास्थ्य कार्यक्रम तथा सेवाहरुको रिपोर्टका बारेमा छलफल भएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार





लुम्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र, अन्नपूर्ण गाउँपालिका वडा नम्बर ६, कास्की स्थित वडा कार्यालयमा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन भएको छ।



अन्नपुर्ण गाउँपालिकाको, म्याग्दीको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ चालु आ.ब. २०८०/८१ को चैत्र महिना सम्म गाउँपालिका अन्तर्गतका १५ महिना मुनिका सबै बालबालिहरुलाई बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका बमोजिम १५ महिनाको उमेरभित्र पाउनुपर्ने सम्पूर्ण खोपहरु दिलाई, १६ देखि ५९ महिना सबै बालबालिकाहरुमा पूर्णखोपको अवस्था कायम राखी आगामी दिनमा समेत पूर्णखोप पालिका सुनिश्चतता तथा दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गर्दै अन्नपुर्ण गाउँपालिकालाई म्याग्दी पूर्णखोप पालिका सुनिश्चितता तथा दिगोपना घोषणा समारोह गाउँपालिकाका अध्यक्ष एवं पालिका खोप समन्वय समिति अध्यक्ष भारत कुमार पुनको अध्यक्षतामा जिल्ला समन्वय समितिका उपप्रमुख एवं जिल्ला खोप समन्वय समितका उपाध्यक्षको प्रमुख आतिथ्यतामा, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको स्वागत मन्तव्यमा सबै कार्यपालिका सदस्यहरु गाउँपालिकाका सबै शाखाका प्रमुखहरु, स्वास्थ्य कार्यालय म्याग्दीका खोप फ़ोकल पर्सनको आतिथ्यता, सबै स्वास्थ्य संस्थाका प्रमुख र अन्य सदस्यहरु, सामुदायिक महिला स्वास्थ्य स्वयमसेविहरुको उपस्थितिमा सम्पन्न भएको छ।



श्री शिवालय मा.बि., पर्वतमा विश्व रेडक्रस दिवसको अवसर पारेर विद्यालयमा जुनियर रेडक्रस सर्कल पुनर्गठन गरिएको छ। कक्षा १० मा अध्यनरत छात्र शौरभ शर्माको अध्यक्षतामा सर्कलको पुनर्गठन गरिएको हो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा, पैयू गाउँपालिका र विहादी गाउँपालिकाको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि आधारभूत तालिम सम्पन्न भएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख प्रविण शर्माको अध्यक्षतामा, पैयू गाउँपालिकाको अध्यक्ष तोरण मल्ल ठकुरीको प्रमुख आतिथ्यतामा र प्रमुख प्रशासकिय अधिकृत इन्जिनियर राजिव रिमालको उपस्थितिमा सम्पन्न भएको छ। उक्त तालिममा प्रशिक्षण भोर्ले स्वास्थ्य चौकीका सि.अ.हे.व अधिकृत चन्द बहादुर गुरुङ र सरौखोला स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट अरबिन्द कुमार साह तेलिले गर्नुभएको थियो। कार्यक्रममा पैयू गाउँपालिकाका ६ जना र विहादी गाउँपालिकाको ३ जना गरि जम्मा ९ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो। तालिम प्राप्त स्वयंसेविकाहरुलाइ स्वास्थ्य कार्यालयवाट प्रमाणपत्र, बोर्ड, झोला, टिनको बाकस सहित निर्देशिका बमोजिमको आधारभुत सामाग्री पनि उपलब्ध गराइएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतको पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्माले संचालन गर्नुभएको थियो।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



केराबारी स्वास्थ्य चौकी, गोरखाको आयोजनामा उपाध्यक्ष स्वास्थ्य आमा समूहको नियमित बैठक संचालन भएको छ।



स्वास्थ्य कार्यालय, लमजुङको आयोजना र राईनास नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा राईनास नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा नव नियुक्त सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि राईनास-८ स्थित तार्कुघाट स्वास्थ्य चौकीमा आधारभूत तालिम सम्पन्न भएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय, लमजुङ्गका प्रमुखको अध्यक्षतामा सम्पन्न भएको हो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




पोखरा महानगरपालिकाको, कास्की स्वास्थ्य शाखाको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ महानगरपालिकाका वार्ड नं १५, २८ र ३० लाई पूर्णखोप वार्ड सुनिश्चितता तथा दिगोपना घोषणा समारोह कार्यक्रम सम्पन्न भएको छ।



शुक्ला गण्डकी नगरपालिका, तनहुँको स्वास्थ्य शाखाको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ नगरपालिकाका वार्ड नं ८ लाई पूर्णखोप वार्ड सुनिश्चितता तथा दिगोपना घोषणा समारोह कार्यक्रम सम्पन्न भएको छ।



फलेबास नगरपालिका, पर्बतको स्वास्थ्य शाखाको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ नगरपालिकाका वार्ड नं ५ खानीगाउँ र ११ पाङ्राङ्लाई पूर्णखोप वार्ड सुनिश्चितता तथा दिगोपना घोषणा समारोह कार्यक्रम सम्पन्न भएको छ।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




स्वास्थ्य कार्यालय, स्याङ्जाको आयोजना तथा कालीगण्डकी गाउँपालिकाको समन्वयमा Digital X-ray द्वारा छातीको जाँच कार्यक्रम काली गण्डकी गाउँपालिकाका वडा न ७ का वडा अध्यक्ष उम प्रसाद भट्टराईको अध्यक्षतामा र कार्यबाहक गाउँपालिका अध्यक्ष सावित्रा कोईरालाको प्रमुख आतिथ्यमा र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खडकाको बिशिष्ट आातिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा यही मिति २०८१ साल जेठ १३ गतेदेखि देशव्यापी रुपमा संचालन हुन गईरहेको पोलियो रोग विरुद्धको आई.पि.भि. खोप अभियान २०८०/८१ सम्बन्धी १ दिने अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। २०७३ साल बैशाख देखि २०७५ साल असोज भित्र जन्मिएका बालबालिकाहरुलाई तत्कालिन समयमा खोपको अभाव भई आई.पि.भि. खोप लगाउन छुटेका बालबालिकाहरुलाई लक्षित गरी संचालन गर्न लागिएको यस अभियानद्वारा पोलियो रोगको जोखिममा रहेका बालबालिकाहरुलाई आई.पि.भि. खोप प्रदान गरी पोलियो रोगबाट हुन सक्ने अपाङ्गता तथा मृत्युबाट जोगाउनुको साथै पोलियो रोगलाई संसारबाटै २०२६ सम्म उन्मूलन गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख एवं जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले गर्नुभएको थियो। कार्यक्रममा बडिगाड गाउँपालिका, ताराखोला गाउँपालिका र काठेखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, पालिका खोप फोकल पर्सन र स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागीता रहेको थियो।



नमुना सामुदायिक अस्पताल, सुन्दरबजार, लमजुङ्गले सुन्दरबजार, पाउदीमा भएको मोटरसाइकल दुर्घटनामा परेका घाइतेहरुको उपचार तथा ब्यवस्थापन गरेको छ।

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




खरेहा आधारभूत स्वास्थ्य सेवा केन्द्र, खरेहा, कुश्मा पर्बतको आयोजनामा नियमित वृद्धि अनुगमनका साथमा बाल भिटा बितरण कार्यक्रम संचालन भएको छ।



बुङकोट आधारभुत केन्द्र , शहिद लखनको गोरखामा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन भएको छ।

दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।



काँडेबास स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा संचालन भएको ग्रामिण अल्ट्रसाउन्ड कार्यक्रम अन्तर्गत वैशाख महिनामा यस स्वास्थ्य चौकिमा ७ जना गर्भवती महिलाहरुले सेवा लिनु भएको छ।



मुस्ताङ्ग अस्पताल, मुस्ताङ्गमा नियमित रुपमा CME सेसन संचालन भएको छ, यस हप्ता डाक्टर समिक्षाबाट SAS सम्बन्धि CME सेसन संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




मुच्चोक स्वास्थ्य चौकि, अजिरकोट गाउँपालिका गोरखामा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन भएको छ।



घार स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ क्याम्प घोडेपानी चित्रेमा सम्पन्न भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



चण्डी भङ्याङ्ग स्वास्थ्य चौकी, स्याङ्गजामा कालीगण्डकी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुकालागी पोषण सम्बन्धी, १००० दिनका बच्चाहरूका MUAC र किशोरीहरुको लागि Anemia Test सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय पर्वत को आयोजनामा आयोजित IPV खोपको जिल्ला स्तरीय योजना तर्जुमा कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




बहुआयामिक नमूना ग्राम कार्यक्रम अन्तर्गत रघुगंगा गाउँपालिकाको आयोजनामा वडा नं. ७ को चिमखोला स्वास्थ्य चौकीमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि क्षमता विकास सम्बन्धी ४ दिने पुनर्ताजगी तालिम समापन भएको छ। कार्यक्रमको उद्घाटन तथा समापन सत्रमा ७ नं. वडाका वडा अध्यक्ष थक बहादुर पाईजा, स्वास्थ्य शाखा प्रमुख टिका बहादुर शाही, विर बहादुर ओली, चिमखोला स्वास्थ्य चौकीका सम्पूर्ण कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो। कुल ४ दिने तालिमको मूख्य सहजीकरण विर बहादुर ओली र टिका बहादुर शाहीले गर्नुभएको थियोभने चिमखोला स्वास्थ्य चौकीका हिस्टुरी पाईजा र शुष्मा पौडेल पुनले कार्यक्रमको सहजीकरण गर्नु भएको थियो।



रिश्मी आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाग्लुङ्गको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वमसेवीकाको मासिक बैठक संचालन भएको छ।



मनकामना स्वास्थ्य चौकि, शहिद लखन गाउँपालिका, गोरखामा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ। अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रूप लिन सक्दछ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार




गलकोट नगरपालिका, बाग्लुङ्ग स्वास्थ्य शाखाको आयोजनामा शिक्षक तथा स्वास्थ्यकर्मीहरूका लागि विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको क्षमता अभिबृद्धि गोष्ठी सम्पन्न भएको छ।



पोखरा महानगरपालिका वडा नं २ मा रहेको शहरी स्वास्थ्य केन्द्र २ बिन्ध्याबासिनीमा पूर्ण खोप वडा घोषणा कार्यक्रम सञ्चालन भएको छ।



हेमजा स्वास्थ्य चौकी, कास्कीको आयोजनामा COC (Continuum of Care in Maternal and Child Health) सम्बन्धि कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँले नियमित रुपमा सुत्केरी आमाको लागि सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन गर्दै आइरहेको छ, जस अन्तर्गत तेस्रो पटकको उत्तरप्रसुति घरभेट र सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई जानकारी गराईएको छ।



पोखरा महानगरपालिका, स्वास्थ्य महाशाखाको आयोजनामा मानशिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९२, वर्ष ६, २०८१ बैशाक ३०, May 12, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




पौवैगौडे स्वास्थ्य चौकी, स्याङ्गजाको ब्यवस्थापन समितीका अध्यक्ष अर्जुन कुमार काकीको अध्यक्षतामा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सामाग्री वितरण गरिएको छ।




चिन्ता गर्नुको अर्थ छैन, देश बिकाशका लागि चिन्तन गर्नुहोस।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा IPV खोप अभियान २०८०/८१ अन्तर्गतको जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी कार्यक्रम बुर्तिबाङ, ढोरपाटन नगरपालिकामा सञ्चालन भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!




**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com